नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १९ गते २०२० साल

श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालयको

सूचना

नेपालको बढ्दो अन्तर्राष्ट्रिय व्यापारलाई अझ प्रोत्साहन दिई निर्यात व्यापारमा अझ बिकास गराउने उद्देश्यले निजहरूले कमाएको भारतीय मुद्रा बाहेक् अरू विदेशी मुद्राबाट श्री ५ को सरकारले मनाही गरेको बाहेक अरू मालहरू देहाय बमोजिम निकासी पैठारी नियन्त्रण नियमहरू, २०२० अनुसारको रीत पुऱ्याई २०२०–२१ को आर्थिक वर्षको प्रारम्भदेखि लागू हुने गरी विदेशबाट पैठारी गर्न दिने मिति २०२०।९।११।५ मा श्री ५ को सरकारले निर्णय गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. बार्टर व्यापार गर्नेले ४० प्रतिशत आफूखुशी माल सामान झिकाउन र बांकी ६० प्रतिशत श्री ५ को सरकारले तोकीदिएको माल सामान झिकाउनपर्नेछ।

२. (क) कच्चा जूट र कस्तूरी निकासी गरी विदेशी मुद्रा कमाउनेले निजले कमाएको मध्येबाट ४० प्रतिशत विदेशी मुद्राको बोनस आफू खुशी माल सामान झिकाउन पाउने छ।

(ख) जूटको तयारी माल निकासी गरी विदेशी मुद्रा कमाउनेले निजले कमाएको मध्येबाट ५० प्रतिशत विदेशी मुद्राको बोनस आफू खुशी माल सामान झिकाउन पाउने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अन्य वस्तु निकासी गरी विदेशी मुद्रा कमाउनेले निजले कमाएको मध्येबाट ६० प्रतिशत विदेशी मुद्राको बोनस आफू खुशी माल सामान झिकाउन पाउने छ ।

३. बोनसबाट प्राप्त हुने रकम ट्रान्सफरेबल तथा नेगोशिएबल हुन सक्ने छ ।

४. यसै विषयको यस मन्त्रालयको मिति २०१६।१०।२२ ,खण्ड १२ संख्या ४२, मा प्रकाशित सूचना खारेज गरिएको छ ।

आज्ञाले–
कृष्णबम मल्ल,
श्री ५ को सरकारको सचिव ।

सूचना विभाग संरक्षित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।